फान नं. ०६४-४२०९१८
इमेल : gorkhahospital@gandaki.gov.np
वेबसाइट: gorkhahospital.gov.np

# गण्डकी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## प्रदेश अस्पताल
## गोरखा, नेपाल

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
गोरखा, नेपाल

पत्र संख्या- ०८२/८३

### करारमा पदपुर्ति सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३/०३/०२

यस प्रदेश अस्पताल, गोरखामा रिक्त रहेको तपशिल बमोजिमका करार पदमा प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा लिई पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्युनतम योग्यना पुगेका उम्मेद्वारहरुले यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र वा सो दिन सार्वजनिक विदा परेमा सोही लगतै कार्यालय खुलेको पहिलो दिन सम्म दरखास्त फारम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | विज्ञापन नं. | पद | तह/श्रेणी | न्युनतम योग्यता | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अ.व्य.स ६/०८२-८३ | एम्बुलेन्स चालक | श्रेणी विहिन | आधारभूत शिक्षा (कक्षा ८) उत्तिर्ण भई हलुका सवारी चालक अनूमती पत्र प्राप्त भई ५ वर्ष पुरा भएको र ४५ वर्ष उमेर पुरा नभएको। | १ | एम्बुलेन्स सम्बन्धी First Aid तालिम लिई एम्बुलेन्स सम्बन्धि अनुभव भएकोलाई प्राथामिकता दिइनेछ। |

तपशिलः

१.दरखास्त फारामः- यस अस्पतालको प्रशासन शाखाबाट उपलब्ध गराइने छ। साथै प्रदेश अस्पताल, गोरखाको वेवसाइट gorkhahospital.gov.np मा गई डाउनलोड गरि दरखास्त फारम भरी सो संग संलग्न गर्नु पर्ने कागजातहरु सहित यस अस्पतालमा दरखास्त पेश गर्नुपर्नेछ।

२.पेश गर्नुपर्ने कागजातः- उम्मेद्वारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सवारी चालक अनुमति पत्र अनुभव खुलाउने कागजात र परिक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्ने। साथै अन्तरवार्ताको दिन प्रमाणपत्रहरूको पत्रको सक्कल प्रति लिई उपस्थित हुनुपर्नेछ।

३.परिक्षा दस्तुरः रु ५००/- (पाच सय)।

४.परिक्षा दस्तुर जम्मा गर्नको लागिः राजस्व शिर्षक नं. १४२२४ (परिक्षा शुल्क), कार्यालयको नामः- प्रदेश अस्पताल, गोरखा। कार्यालयको कोडः- ३७००१३६०१४, बैंकः- राष्ट्रिय वाणिज्य बैंक

५.उम्मेद्वार हुनको लागि योग्यता

क) नेपाली नागरिक हुनुपर्नेछ।

ख) भ्रष्टचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदातलबाट सजाय नपाएको हुनुपर्नेछ।

ग) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्नेछ।

- तलबः- अस्पताल व्यवस्थापन समितिको नियमानुसार हुनेछ।
- दरखास्त साथ पेश गरेको प्रमाणपत्रका प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरि पेश गर्नुपर्नेछ।
- दरखास्त दिने अन्तिम मितिः- २०८३/०३/११ गते कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन सम्म हुनेछ।
- परिक्षाको किसिमः- अन्तर्वाता तथा प्रयोगात्मक परिक्षा (आवश्यकता अनुसार)।
- अन्तर्वाता स्थान र मितिः- प्रदेश अस्पताल, गोरखाको सुचना पाटी साथै अस्पतालको वेवसाइटमा पछि प्रकाशित गरिनेछ।

नोटः यस सम्बन्धी विषयमा थप जानकारी लिनुपरेमा अस्पताल प्रशासन शाखामा वा ०६४-४२०९१८ सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

पदपूर्ति तथा अन्तरवार्ता समिति